# बजेट तथा कार्यक्रम

# आ.व. २०७७/०७८

रघुगंगा गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

## रघुगंगा गाउँ सभाको बैठकमा २०७७ साल आषाढ १० गते

### बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा गाउँ कार्यपालिकाका उपाध्यक्ष

### श्री कमला तिलिजा ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७७/०७८ को

# बजेट वक्तव्य

# रघुगंगा गाउँपालिका

# मौवाफाँट, म्याग्दी

**गाउँसभाका आदरणीय अध्यक्षज्यू, गाउँसभाका सदस्य ज्यूहरू, सभाका सचिव उपस्थित कर्मचारीहरु, पत्रकारहरु, एवं सम्पूर्ण महानुभावहरु !**

१. जनताको हातबाट निर्मित संविधानको परिकल्पना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भईसकेको छ ।जनताको लामो समयको संघर्ष र प्रयत्नबाट नै आज हामी जननिर्वाचित भई जनताको नजिकको सरकारको रुपमा जिम्मेवारी बोध गरिरहेका छौं ।

२. संवैधानिक अधिकारको प्रयोग गरी स्थानीय विशिष्टता, विविधता र आवश्यकताका आधारमा स्थानीय तह संचालन गर्ने तथा लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्दै दिगो विकास गर्ने आधार सिर्जना गर्नमा दशकौं अगाडी देखि संघर्ष गर्दै ज्यान गुमाउन पुग्नु भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रहित, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग–बलिदान र बिभिन्न जनजीविकाका आन्दोलनहरुको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् बेपत्ता र पीडित नागरिकहरु प्रति स्थानीय सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ ले सिर्जना गरेको विषम परिस्थितीका कारण विश्व अर्थतन्त्रमा नै प्रतिकूल प्रभाव परिरहेकोले नेपालको अर्थतन्त्रमा समेत सङकुचन आउन सक्ने नेपाल सरकारले विश्लेषण गरिसकेको छ । सोको अन्तर आबद्धताको कारणले यस गाउँपालिकामा समेत प्रतिकूल प्रभाव पर्दछ । जन अपेक्षा बढी रहेको तर स्रोत साधन कमी भएको वर्तमान विषम परिस्थितिमा स्थानीय सरकारको तर्फबाट आर्थिक वर्ष २०७७/७८ को वजेट यस सम्मानित सभामा प्रस्तुत गर्दछु ।

४. नेपाल सरकार र गण्डकी प्रदेश सरकारसँगको सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा सहभागितामूलक, सबैलाई अपनत्व ग्रहण हुने, पारदर्शी, उत्तरदायी, समतामूलक, समाजवाद उन्मुख कार्यशैलीमा आबद्ध भई स्थानीय सरकार संचालन गर्नुपर्ने अवसर र चुनौतीको मांझमा हामी रहेका छौं ।

५. "समृद्ध रघुगंगा, सुखी रघुगंगा बासी"को दुरदृष्टिलाई आत्मसाथ गर्दै अगाडि बढिरहेको अवस्थामा वर्तमान जटिल परिस्थितिले ठेस पुऱ्याएको छ ।यस सन्दर्भमा कोभिड–१९ रोगको रोकथाम नियन्त्रण र उपचारका साथै राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुग्ने गरी गाउँपालिकाभित्रका मुख्य आर्थिक, सामाजिक, शैक्षिक र पूर्वाधार विकासका कार्यहरुलाई अगाडि बढाउनु पर्ने जिम्मेवारी बोध गरेको छु ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलत नेपालको संविधान र कानुनहरु, नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, नेपालको पन्ध्रौं पञ्चवर्षीय योजना, गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, रघुगंगा गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना, विनियोजन विधेयक, २०७७ को सिद्धान्त र प्राथमिकता, आकृष्ट हुने विविध कानुनहरु, गाउँ कार्यपालिकाका निर्णयहरु तथा दिगो

विकासका लक्ष्यलाई मुख्य आधार बनाएको छु ।साथै विभिन्न क्षेत्रका सरोकारवाला र बौद्धिक जगतबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावहरुलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु ।

७. रघुगंगा गाउँपालिकाको आन्तरिक स्रोत, नेपाल सरकार र गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँडलाई मुल स्रोत मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

८. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु ।साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका बिचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

९. उपलब्ध स्रोत र साधनको न्यायोचित वितरण तथा दिगो र समावेशी विकास मार्फत आर्थिक, सामाजिक असमानताको अन्त्य गर्दै सामाजवाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने संघ तथा प्रदेशको सिद्दान्तमा ऐकेबद्धता रहने गरी आगामी आर्थिक वर्ष २०७७/७८ को वजेटका उदेश्य तथा प्राथमिकता निर्धारण गरिएको छ ।बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

क. हरेक जीवन अमूल्य हुने भएकोले बिभिन्न रोगहरु र विपदबाट जीवनरक्षा गर्ने,

ख. उपलब्ध साधन श्रोत र क्षमताको आदर्शतम प्रयोग मार्फत सर्वाङ्गीण विकासलाई निरन्तरता दिने,

ग. लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्दै लोककल्याणकारी भूमिकालाई प्रभावकारी बनाउँदै लैजाने,

घ. सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने,

ङ. स्थानीय नेतृत्वको विकास र सेवा प्रवाहमा सरल सहज र समावेशी पहुँच सुनिश्चित गर्ने,

च. स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने,

१०. आगामी आर्थिक वर्षको बजेटका उदेश्यहरु हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

क. नागरिकहरुको स्वास्थ्य सुरक्षाको प्रत्याभूतीको लागि औषधी उपकरण लगायत स्वास्थ्य सेवाको विस्तार, ल्याब स्थापना, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्वास्थ्य जनशक्तिको क्षमता विकास,

ख. अधुरो आयोजनाहरुको कार्यान्वयन,

ग. गाउँपालिकाका गौरवका आयोजनाहरुको निर्धारण,

घ. सडक तथा पुल (झोलुङ्गे पुल समेत) सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविधुत, सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास,

ङ. कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास,

च. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,

छ. वन संरक्षण, वातावरण व्यवस्थापन तथा विपदमा राहत उद्दार र प्रतिकार्य,

ज. सुशासन तथा संस्थागत विकास,

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरू,**

**अब म चालु आर्थिक वर्ष २०७६/७७ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहान्छु ।**

११. चालु आर्थिक वर्षमा रु ४० लाख राजस्व सङ्कलन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षमा हाल सम्म अनुमानित आन्तरिक आयको प्रक्षेपण अनुरुप राजस्व संकलन भै सकेको छ । त्यसैगरी हाल सम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु ७ करोड ६६ लाख र संघीय राजस्व बाँडफाँडबाट रु ३ करोड ६९ लाख रुपैया प्राप्त भएको छ । त्यस्तै प्रदेश वित्तीय समानीकरण अनुदान वापत रु १ करोड २० लाख १२ हजार प्राप्त भएको छ । प्रदेश राजस्व बाँडफाँड बाट प्राप्त हुने आय हालसम्म २८ लाख ३५ हजार रुपैया प्राप्त भएको छ ।अनुमानित कुल रु १६ करोड १९ लाख ३१ हजार मध्ये हाल सम्म रु १२ करोड ८३ लाख ४७ हजार प्राप्त भई करिव रु ३ करोड ३५ लाख प्राप्त हुन बाँकी रहेको छ ।

१२. चालु आर्थिक वर्षको शसर्त अनुदान तर्फ १३ करोड ८२ लाख रुपैया प्राप्त भई सकेको छ । त्यस्तै सामाजिक सुरक्षा भत्ता बापत रु ७ करोड २४ लाख १ हजार रुपैया प्राप्त भएको छ ।यसमा नपुग हुने रकम रु ३७ लाख ९२ हजार ८ सय पञ्जीकरण विभाग समक्ष माग गरी पठाइएको छ ।

१३. अनुदान तथा राजस्व बाँडफाँडका अतिरिक्त झोलुङ्गे पुल निर्माण तर्फ रु ४० लाख, स्थानीय पूर्वाधार विकास साझेदारी तर्फ रु ८५ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु १२ लाख ७८ हजार, सामाजिक कल्याण ज्येष्ठ नागरिक तर्फ रु २७ लाख ५० हजार, संस्कृति तथा पर्यटन तर्फ रु २५ लाख, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु २ लाख ७९ हजार ९ सय ३० र गरिव संग विश्वेश्वर कार्यक्रम तर्फ रु २ लाख ५० हजार, पञ्जीकरण तर्फ रु १५ लाख ८ हजार रुपैयाको सिधै अख्तियारी प्राप्त भएको छ । यस्ता कार्यक्रमको लागि प्राप्त भएको रकमको प्रतिवेदन सिधै नेपाल सरकारमा पठाउने गरी अख्तियारी प्राप्त भएकाले स्थानीय सरकारको बजेट प्रणालीमा समावेश गरिएको छैन ।

१४.चालु आर्थिक वर्षमा हालसम्म चालु खर्च करिव रू १० करोड तथा पूँजीगत खर्च करिव रू ५ करोड २५ लाख गरी करिव रु १५ करोड २५ लाख व्यय भएको छ । आर्थिक वर्ष २०७५/७६ को आय र व्ययको यथार्थ विवरण, आर्थिक वर्ष २०७६/७७ को आय व्ययको संशोधित अनुमान र आर्थिक वर्ष २०७७/७८ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

**सभाध्याक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरू,**

**अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**आर्थिक विकास**

**कृषि तथा पशु पालन, सहकारी, पर्यटन, उद्योग बाणिज्यसँग सम्बन्धित क्षेत्रहरु आर्थिक विकास अन्तर्गत राखिएको छ ।**

**कृषि तर्फ कुल रु १ करोड २ लाख ५० हजार विनियोजन गरेको छु ।**

१५.कृषिमा आत्मनिर्भर बनाउनका लागि कृषक र कृषि क्षेत्रलाई उच्च प्रथामिकतामा राखेको छु ।खाद्य सुरक्षाको प्रत्याभुतीको लागि कृषिको आधुनिकीकरण, यान्त्रिकिकरण, विशिष्टीकरण र व्यवसायीकरण जरुरी छ ।मिनि ट्रेलर हलो, घाँस काट्ने मेसिन, अन्न बालि काट्ने/ झाँट्ने मेसिन, कुटानी पिसानी मेसिन जस्ता यन्त्रहरुमा साझेदारीमा अनुदानका लागि रु २५ लाख विनियोजन गरेको छु ।

१६.उन्नत बीउविजन, मलखादको व्यवस्था तथा सिचाईको प्रवन्ध गर्दै उन्नत खेती र उच्च मूल्यका बालीको विकास गर्नुपर्ने आवश्यकता महशुस गरी सोको आवश्यक व्यवस्था मिलाएको छु ।

१७.कृषि उपजको न्युनतम समर्थन मुल्य तोकिनुका साथै भण्डारण सम्बन्धी पुर्वाधार निर्माण गरिने छ।

१८.असिना पानी, बाढी–पहिरो लगायतका विपद् जन्य घटनाहरुबाट कृषि क्षेत्रमा बर्षेनी हुने नोक्सानीबाट कृषकहरु मारमा परिरहेको अवस्था छ । यो जोखिमलाई न्युनिकरण गर्नका लागि धान, गहुँ, मकै, आलु र सुन्तलामा कृषि बिमाको प्रबन्ध गरेको छु । कृषि विमाको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

१९.अनुकुल बाली लगाउनको लागि माटो परीक्षण गर्ने अभियानलाई पाइलट प्रोजेक्टका रुपमा अगाडी बढाइने तथा कृषि समुह दर्तालाई प्रभावकारी बनाइने छ । यसका लागि रु ३ लाख ५० हजार बजेट छुटयाएको छु ।

२०.यस गाउँपालिकालाई फलफुल पकेट क्षेत्रको रुपमा विकास गर्नको लागि सुन्तला, कागती, ओखर, किवी र एभोगार्डो का विरुवाहरु वितरण गरिनेछ । कृषकको समेत साझेदारीमा सम्पन्न गर्ने उक्त कार्यक्रमको लागि रु २० लाख बजेट व्यवस्था गरेको छु ।

२१.प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत मुख्य खाद्यान्न पकेट क्षेत्र निर्माणको लागि प्राप्त भएको रु ३८ लाख उपलब्धी हाँसिल हुने गरी कार्यान्वयन गरिनेछ ।

पशुपालन

**पशुपालन तर्फ रू ५८ लाख ५० हजार विनियोजन गरेको छु ।**

२२. परम्परागत पशुपालनलाई व्यवसायीकरण गर्नको लागि प्रोत्साहन गरिने छ ।बैदेशिक रोजगारबाट फर्किएका युवा लक्षित साझेदारी व्यवसायिक पशुपालनका लागि रु ६ लाख बजेट विनियोजन गरेको छु ।त्यस्तै बहुबर्षीय घाँसको विऊ वितरण र पशुपङ्छीको उपचार तथा खोपको लागि १२ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

२३. बाख्रा तथा गाई भैसीको नश्ल सुधार गरी उन्नत जातमा परिणत गराउनका लागि पशु नश्ल सुधार कार्यक्रमलाई समूह परिचालनका माध्यमबाट सबै वडामा विस्तार गरिनेछ । यो कार्यक्रमको लागि रु १० लाख बजेट व्यवस्था गरेको छु ।

२४. भेडा संरक्षण कार्यक्रमको लागि कृषि तथा पशुपन्छी मन्त्रालयबाट शसर्त अनुदान स्वरुप रु १० लाख प्राप्त भएकोमा रु ४ लाख थप गरेको छु ।

२५. गाउँपालिकालाई दुग्ध र मासुमा आत्मनिर्भर बनाउनका लागि पशुपालकहरुलाई नमुना गोठ निर्माणमा साझेदारी गर्ने गरी रु १६ लाख बजेट तय गरेको छु ।

सहकारी

**सहकारी तर्फ रू ८ लाख विनियोजन गरेको छु ।**

२६. सहकारी क्षेत्रको नियमन र पुँजी परिचालनको माध्यमबाट सहकारी क्षेत्रलाई वित्तीय उत्प्रेरकका रुपमा विकास गरी स्थानीय अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु ।

२७. गाउँपालिकाभित्र सञ्चालित सहकारीहरुको क्षमता अभिबृद्धिका लागि रु २ लाख बजेट व्यवस्था गरेको छु ।

२८. सहकारीमा आबद्ध भई व्यवसायिक रुपमा कृषि, पशुपालनवा अन्य जुनसुकै प्रकारका उद्यम व्यवसाय गर्ने समूहका लागि उक्त व्यवसायमा टेवा पुऱ्याउन रु ६ लाख बजेटको प्रबन्ध गरेको छु । यसलाई एक वडा एक सहकारी प्रवर्द्धनका रुपमा विकास गर्ने नीति लिएको छु ।

पर्यटन

**पर्यटन तर्फ रु १२ लाख विनियोजन गरेको छु ।**

२९. गाउँपालिका भित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्न पर्यटकलाई अतिथिको रुपमा सम्मान गर्ने वातावरण सिर्जना गरिनेछ ।

३०. उच्च आर्थिक वृद्धि, रोजगारी र आयको वितरणलाई तत्काल टेवा पुर्याउने प्रतिस्पर्धी क्षेत्रको रुपमा अथाह सम्भावना बोकेको पर्यटन क्षेत्रको विकासलाई विशेष ध्यान दिएको छ । रघुगंगा गाउँपालिकालाई आकर्षक, मनोरम र साहसिक पर्यटकीय गन्तव्यको रुपमा पहिचान स्थापित गराउने धवलागिरी आइसफल, धवलागिरी सेन्चुरीमार्ग, झीँ टोड्के, रुईसे, मालिका मन्दिर, वेगखोलाको लामो पुल, भगवती मन्दिर, रानीपौवा, दर्मिजा तातोपानी कुण्ड, मण्डलीथान, रिखार मन्दिर लगायतको व्यापक प्रचारप्रसार तथा व्यवस्थापन गरिनेछ ।

३१. पर्यटन व्यवसायको बजारीकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग गर्ने तथा होमस्टे पदयात्रामार्ग संरक्षण, सम्वर्धन, सौन्दर्यीकरण र विकास गर्दै पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्ने नीति अनुरुप गाउँपालिकालाई पर्यटकीय हिसाबबाट परिचित गराउनका लागि परिस्थिति सहज भएको अवस्थामा रघुगंगा पर्यटन महोत्सव संचालन गरिने छ । यस महोत्सवका लागि रु १२ लाख बजेट विनियोजन गरेको छु ।

<u>गरिबी निवारण</u>

**गरिबी निवारण तर्फ रु १२ लाख बजेट विनियोजन गरेको छु ।**

३२. गाउँपालिकाका सम्पूर्ण कार्यक्रमहरुले गरिवी निवारणमा टेवा पुऱ्याउने विश्वास लिएको छ ।गरिवी निवारण कोष अन्तर्गतका सामुदायिक संस्थासँग साझेदारी गर्दै आय आर्जन वृद्धिका क्रियाकलापहरु सञ्चालन गरिनेछ । यसको लागि रु २ लाख बजेटको प्रबन्ध गरेको छु ।

३३. अपाङ्ग, एकल, विधवा वञ्चितीकरणमा परेका महिलाहरुको आय आर्जन वृद्धि र क्षमता विकासका लागि उपाध्यक्षसँग महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रमको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

३४. गरिब परिचयपत्र वितरण कार्यक्रमलाई विशेष कार्यक्रमका रुपमा लिएको छु ।

<u>उद्यमशिलता, श्रम तथा रोजगार</u>

**उद्यमशिलता श्रम, तथा रोजगार तर्फ रु ६३ लाख ३० हजार विनियोजन गरेको छु ।**

३५. कृषि पशुपालन पर्यटन व्यवसाय लगायत जुनसुकै प्रकारका उद्यम व्यवसाय गर्ने उद्यमीहरु मध्ये फरक र उत्कृष्ट व्यवस्थापनका साथ काम गर्ने उद्यमीलाई पुरस्कृत गर्न रु १५ हजार बराबरको गाउँपालिका अध्यक्ष नवप्रवर्तन पुरस्कार र महिला उद्यमी मध्ये उत्कृष्ट उद्यमीलाई पुरस्कृत गर्न रु १५ हजार बराबरको उपाध्यक्ष सफल महिला उद्यमी पुरस्कारको व्यवस्था गरेको छु ।

३६. प्रतिस्पर्धामा छनौट भएका सेवा प्रदायक संस्था मार्फत नयाँलघुउद्यमी सिर्जना गर्ने कार्यको लागि लघुउद्यम विकासमा प्राप्त रकम रु ३३ लाख उद्यम विकासका क्षेत्रमा कुशलतापूर्वक खर्च हुने व्यवस्था मिलाएको छु ।

३७.प्रधानमन्त्री रोजगार कार्यक्रमको रु ५१ लाख ७० हजार बराबरको योजना सम्पन्न गर्ने तथा रोजगारी सिर्जना गर्नेकार्यलाई काममा आधारित पारिश्रमिकमा आवद्ध गर्ने व्यवस्था मिलाएको छु ।

## सामाजिक विकास क्षेत्र

**सामाजिक विकास तर्फ कुल रु १८ करोड ७१ लाख ९३ हजार २ सय ४० विनियोजन गरेको छु ।**

### स्वास्थ्य

**स्वास्थ्य तर्फ रू ५ करोड ७४ लाख ४० हजार विनियोजन गरेको छु । जुन कुल बजेटको १४.४५ प्रतिशत हो ।**

३८.नेपाल सरकार गण्डकी प्रदेश सरकार र रघुगंगा गाउँपालिका बिचको आपसी समन्वय र सहकार्यमा मात्र विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को सम्भावित संक्रमणको जोखिमलाई हाम्रो क्षेत्रभित्र रोकथाम नियन्त्रण न्युनीकरण र व्यवस्थापन गर्न सकिने भएकोले हामी सवै आआफ्नो स्थानबाट क्रियाशिल हुनुपर्ने देखिन्छ। यसै सन्दर्भमा आवश्यक सामग्री व्यवस्थापन सहित स्वास्थ्य क्षेत्रलाई उच्च प्रथामिकतामा राखिएको छ ।

३९.वर्तमान विषम परिस्थितिको व्यवस्थापनको लागि कोरोना उपचार रोकथाम तथा राहत कोषमा रु १ करोड बजेट विनियोजन गरेको छु ।

४०.स्वास्थ्यकर्मीहरुको मनोबल उच्च बनाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने आधार सिर्जना गर्न प्रत्येक स्वास्थ्यकर्मीहरुको रु १ लाख बराबरको स्वास्थ्य विमा गरिनेछ । साथै कोरोना रोगको उपचारका क्रममा कुनै स्वास्थ्यकर्मीको ज्यान गुम्ने दुर्भाग्यपूर्ण अवस्था आएमा निजको परीवारलाई एकमुष्ट रु ५ लाख राहत दिने व्यवस्था मिलाएको छु । यसका लागि आवश्यक पर्ने बजेट व्यवस्था गरेको छु ।

४१.यस गाउँपालिकाका बिरामीहरु सामान्य ल्यावको व्यवस्था नहुँदा बाहिर गई उपचार गराउनु पर्ने खर्चिलो तथा बोझीलो बाध्यात्मक अवस्थाको अन्त्य गर्न पाखापानी र पिप्लेमा ल्याव स्थापना गर्ने व्यवस्था मिलाइएको छ । यसको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

४२.गाउँपालिकाभित्रका बिरामीहरुका लागि स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण हुने औषधि खरिद गर्नरु २० लाख प्राप्त भएकोमा रु १५ लाख थप गरी उपचारात्मक सेवा कार्यक्रमलाई प्रबर्द्धन गरेको छु ।

४३.स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य उपकरण खरिदको लागि रु २ लाख बजेट व्यवस्था गरेको छु ।

४४.बिभिन्न रोगहरुबाट ग्रसित व्यक्तिहरुलाई घरदैलोमा नै पुगी सेवा प्रदान गर्न तथा बिभिन्न रोगहरुको एकै स्थानबाट उपचार गर्ने व्यवस्थाका लागि एकीकृत स्वास्थ्य शिविर संचालन गरिनेछ । यसका लागि रु ८ लाख बजेट मिलाएको छु ।

४५.स्वास्थ्य संस्थाहरुको दैनिक संचालनको प्रक्रियालाई सहज गराउन वार्षिक रु १० हजार बराबरको संचालन खर्चको व्यवस्था गरेको छु । यसको लागि रु १ लाख ६० हजार बजेट राखेको छु।

४६.महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहनका लागि मासिक रु २०० संचार खर्च र रु १ हजार यातायात खर्च बापत उपलब्ध गराउने व्यवस्था गरेको छु । यसका लागि रु १० लाख ४० हजार बजेट प्रबन्ध गरेको छु।

४७.घरमै सुत्केरी हुँदा आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्ने सक्ने भएकोले स्वास्थ्य संस्थाहरुमा गई सुत्केरी हुन सचेतना जागरण र प्रोत्साहन को व्यवस्था गरिनेछ । संस्थागत सुत्केरी उपाध्यक्ष उपहार कार्यक्रम मार्फत पोशिलो खानेकुरा प्रदान गरिनेछ । यसका लागि रु ५ लाख बजेट मिलाएको छु ।

४८.वैकल्पिक उपचार पद्दतिको रुपमा आयुर्वेद सेवालाई विस्तार गर्नका लागि आयुर्वेद प्रवर्द्धन कार्यक्रम संचालन गर्ने नीति कार्यान्वयन गर्नका लागि रु २ लाख बजेट छुट्याएको छु ।

४९.स्वस्थ रहनका लागि प्रत्येक ब्यक्तिलाई व्यायाम तथा योगको आवश्यकता पर्दछ ।स्वस्थ जीवन जिउन सहयोग पुऱ्याउनको लागि योग शिक्षा कार्यक्रम संचालन गरिनेछ ।जसको लागि रु ३ लाख विनियोजन गरेको छु।

५०.स्वास्थ्य क्षेत्रतर्फ नेपाल सरकारबाट प्राप्त कुल रकम रू ४ करोड ८० लाखबाट स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति हुने अपेक्षागरेको छु ।

<u>शिक्षा</u>

**शिक्षा तर्फ रू १२ करोड ७३ लाख ७३ हजार २ सय ४० विनियोजन गरेको छु । जुन कुल बजेटको ३२.०५ प्रतिशत हो ।**

५१.आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक, व्यवसायिक तथा रोजगारमूलक बनाउँदै सक्षम, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेट मिलाएको छु ।

५२.कोरोना भाइरसको कारणले उत्पन्न वर्तमान जटिल परिस्थितिमा वैकल्पिक माध्यमबाट शिक्षण सहजिकरणका लागि कुनै न कुनै रुपबाट प्रोत्साहन गर्नु पर्ने महशुस गरी शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ ।

५३.विद्यालय एकीकरण तथा समायोजन कार्यविधि २०७७ तथा शिक्षक ब्यवस्थापन तथा दरबन्दी मिलान कार्यविधि २०७६ अनुसार विद्यालय समायोजन र दरबन्दी मिलानको कार्य आगामी आ ब मा सम्पन्न गर्ने व्यवस्था मिलाएको छु ।

५४.यस गाउँपालिकाभित्र माध्यमिक शिक्षा संचालन भएका तर माध्यमिक तहको शुन्य दरबन्दी भएका विद्यालयहरु ज्ञानोदय माध्यमिक विद्यालय, रघुगंगा माध्यमिक विद्यालय, जनता माध्यमिक विद्यालय, कालिका माध्यमिक विद्यालय र रितुङ मा वि मा एक/एक जना माध्यमिक शिक्षकको लागि तलब भत्ताको व्यवस्था गरिएको छ । जसको लागि

गाउँपालिकाले शिक्षक मिलानको समेत नीति अबलम्बन गर्ने छ । यस बापत लाग्ने खर्च रु २५ लाख २५ हजार विनियोजन गरेको छु ।

५५.ज्यादै न्यून पारिश्रमिकमा काम गरिरहेका बाल शिक्षा सहजकर्ताहरुका लागि मासिक रु २ हजार, विद्यालय सहयोगीहरुका लागि चाडवाड खर्च वापत वार्षिक रु १२ हजार, आधारभूत तहका प्रधानाध्यापकहरुको प्रोत्साहनको लागि मासिक रु ५००, माध्यमिक तहका प्रधानाध्यापहरुको प्रोत्साहनको लागि मासिक रु ७५० र विद्यालयका लेखा (नन टिचिङ कर्मचारी) का लागि मासिक रु २००० गरी एकमुष्ट रु २२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५६.गाउँपालिकाभित्र नमुना विद्यालय विकास गर्ने र सो को अवलोकन भ्रमण गरी अनुसरण गर्ने अभियान स्वरुप रु ३ लाख विनियोजन गरेको छु ।

५७.इ. सि. डी, आधारभुत शिक्षक तालिम, SMC/ PTA तालिम र ICT तालिम संचालन गरी विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्न LEARN संस्थासंग सम्झौता गरिएको छ ।यसका लागि आगामी वर्षमा १६ लाख ३ हजार २ सय ४० रुपैया विनियोजन गरेको छु ।

५८.प्लस टु र स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि अध्ययन पश्चात पालिकाको स्वयंसेवक शिक्षकको रुपमा अनिवार्य कार्य गर्नु पर्ने गरी छात्रवृत्तीमा अनुबन्धित गरिने छ । यसरी प्रदान गरिने छात्रवृत्तीका लागि रु ६ लाख ५० हजार र माध्यमिक तहको छात्रवृत्तीका लागि रु १ लाख ५० हजार विनियोजन गरेको छु ।

५९.यस गाउँपालिकाको स्थानीय वस्तु स्थिती, विविधता, सामाजिक, आर्थिक, सास्कृतिक अवस्था झल्कने गरी आधारभुत स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ । यसका लागि रु ३ लाख बजेट व्यवस्था गरेको छु ।

६०.विद्यालयको व्यवस्थापन तथा संचालनलाई व्यवस्थित वनाउन गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयका लागिसंचालन खर्च बापत वार्षिक एकमुष्ट रु १५ हजारका दरले उपलब्ध गराइने छ ।यसका लागि रु ५ लाख १० हजार बजेट मिलाएको छु ।

६१.गाउँपालिकाभित्रको विद्यालयमा अध्ययन गर्ने कुनै विद्यार्थीले नियमित अध्ययनको अतिरिक्त विज्ञान, सामाजिक, सूचना प्रविधि, कला, सस्कृति लगायत अन्य कुनै क्षेत्रमा आविष्कार वा नयाँ प्रतिभा प्रस्तुत गरेमा सो विद्यार्थीलाई प्रोत्साहन र उक्त कार्यलाई प्रवर्द्धन गरिनेछ ।यसको लागि विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत रु २ लाख विनियोजन गरेको छु ।

६२.विद्यार्थीहरुमा खेलकुदको विकास गर्नको लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा रु ६ लाख विनियोजन गरेको छु ।

६३.सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन, आवासीय तथा गैरआवासीय छात्रवृत्ती, निशुल्क पाठ्यपुस्तक, विद्यालय भौतिक पूर्वाधार निर्माण, तोकिएका विद्यार्थीहरुको दिवा खाजा तथा शिक्षक

र विद्यालय कर्मचारीको तलब भत्ता समेत गरी रु ११ करोड ६३ लाख रकमले यस गाउँपालिकालाई अवश्य नै शिक्षित गराउनेछ ।

## धर्म सस्कृति

**धर्म सस्कृति तर्फ रू २ लाख ५० हजार विनियोजन गरेको छु ।**

६४. गाउँपालिका भित्र रहेका प्राचीनकला, साहित्य र संस्कृति विशिष्ट पहिचानका रुपमा रहेका छन । यसर्थ सामाजिक र सांस्कृतिक रुपले हाम्रो समाज जीवित संग्रहालय हो । त्यसैले संस्कृतिको साझा सुन्दर फुलवारीको रुपमा रहेको हाम्रो समाजको तस्विर झल्काउन र अन्तर संस्कृतिको सम्मान गर्न गाउँपालिका केन्द्रमा सांस्कृतिक संग्राहलय स्थापना गरिनेछ ।जहाँबाट सवैभाषी, धर्म, भूगोल र जनजातिका मानिसलले आफ्नोपन र सहायताको अनुभूति समेत गर्न सक्नेछन ।

६५. यस गाउँपालिकाभित्र मानिदै आएका धर्म, परम्परा, चालचलनको सम्बद्धन तथा धार्मिक संस्थाहरुको संचालनको लागि आवश्यकता अनुसार परिचालन गर्ने गरी रु २ लाख ५० हजार बजेट छुट्याएको छु ।

## लैङ्गीक समानता, सामाजिक समावेशीकरण र सामाजिक सुरक्षा

**लैङ्गीक समानता, सामाजिक समावेशीकरण र सामाजिक सुरक्षा २१ लाख ३० हजार विनियोजन गरेको छु ।**

६६. बालिकाहरुको रेखदेख संरक्षण पालनपोषण र शिक्षाको आधारका रुपमा प्रत्येक बालिकाहरुको हितको लागि छोरी पेवा बचत कार्यक्रम कार्यान्वयन गरिनेछ । यसका लागि छोरी पेवा बचत कार्यक्रम अन्तर्गत रु ३ लाख बजेट विनियोजन गरेको छु ।

६७. लैङ्गिक हिंसा, महिला हिंसा, सामाजिक कुरीतिहरु, लागु पदार्थ दुर्व्यसन विरुद्ध र धुमपान मद्यपान तथा सूर्तीजन्य पदार्थको निरुत्साहनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । जिल्ला प्रहरी कार्यालयको एक वडा एक कार्यक्रम र एक विद्यालय एक कार्यक्रमलाई यसै कार्यक्रम संग आवद्ध गरिनेछ ।यसका लागि हाम्रो समाज राम्रो समाज कार्यक्रमको रुपमा रु २ लाख विनियोजन गरेको छु ।

६८. महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकका लागि विशेष कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

## पूर्वाधार विकास क्षेत्र

**विभिन्न विकासका पूर्वाधारहरु निर्माणका लागि एकमुष्ठ रु १० करोड ३७ लाख ४० हजार विनियोजन गरेको छु ।**

सडक तथा पुल

६९. सहज आवागमनका साथै कृषि तथा उद्योग व्यवसायको लागि वजारको पहुँच पुऱ्याउन अन्य पूर्वाधार विकासको लागि आधारशिला सिर्जना गर्न र उच्च आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी सडक क्षेत्रमा उल्लेख्य रुपमा बजेट विनियोजन गरेको छु ।

७०. गाउँपालिकाको गौरवको योजनाको रुपमा वडा नं. ४, ७ र ८ लाई जोड्ने गरी दग्नाम–चिमखोला-घ्याँसीखर्क मोटर बाटो निर्माण गर्न रु १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।यसै मोटरबाटोमा गण्डकी प्रदेश सरकारबाट शसर्त अनुदान स्वरुप रु ५० लाख समेत विनियोजन भएको छ ।

७१. गौरवकै योजनाको रुपमा वडा नं. ५ मा कालमुडा–उल्लेरी रायखोर सडक निर्माण गर्न रु ४० लाख विनियोजन गरेको छु ।

७२. चालु आ.व.मा गण्डकी प्रदेश सरकारसँग साझेदारी गरी निर्माण भईरहेको झीँ-पाखापानी सडक कालोपत्रे आयोजनामा आगामी आ.व.मा समेत गण्डकी प्रदेश सरकारबाट रु ५० लाख र गाउँपालिकाबाट समपुरक कोष बापत रु ३० लाखको प्रबन्ध मिलाएको छु ।

७३. वडा नं. १ वेगमा गौरवको योजनाको रुपमा झोलुङ्गेपुल देखि भुमेस्थानसम्म पदमार्ग तथा मोटरबाटो निर्माण गर्न रु २५ लाख विनियोजन गरेको छु ।

७४. छहरेखोला-रिखार मन्दिर, फाट-उत्तिसनी, पाखापानी-कोटगाउँ, सिस्नेरी-तल्लो खोला, लगायतका झोलुङ्गे पुलहरुको निर्माणको लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रममा रु २७ लाख नेपाल सरकारबाट अनुदान प्राप्त भएकोमा रु ७ लाख ५० हजार साझेदारी गर्ने व्यवस्था मिलाएको छु ।

खानेपानी

७५. आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिएको छु ।एक घर एक धारा कार्यक्रमलाई समेत अगाडि बढाउने व्यवस्था गरेकोछु । वडा नं २ मा सेताकाठा, रातामाटा, चनौटे, तिनतले बस्तीमा एक घर एक धारा खानेपानी आयोजनाका लागि रु ५ लाख विनियोजन गरेको छु ।

७६. दग्नाम खानेपानी आयोजनाको लागि रु २ लाख विनियोजन गरेको छु ।

७७. गाउँपालिका क्षेत्रभित्र नेपाल सरकारबाट संचालनमा रहेका घोप्टेखोला खानेपानी, चिमखोला, भगवती र पिप्ले वृहत खानेपानीका साथै वेगखोला खानेपानी आयोजनाको प्रभावकारी कार्यान्वयनमा हाम्रो सरकारले आवश्यक समन्वय गर्नेछ ।

ऊर्जा विकास

७८. पेट्रोलियम पदार्थको प्रयोगलाई प्रतिस्थापन गर्न जल विद्युत तथा वायोग्यास वायोमास शौर्य उर्जा लगायतका वैकल्पिक ऊर्जाको उत्पादन र उपभोग बढाउन जोड दिइएको छ । उज्यालो गाउँपालिका बनाउने हाम्रो सरकारको प्रतिवद्धतालाई पूरा गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सह-लगानीमा ऊर्जाको उत्पादन, वितरण र व्यवस्थापनमा जोड दिईनेछ ।

७९. रघुगंगा गाउँपालिका उज्यालो गाउँपालिका घोषणालाई साकार पार्न आगामी आर्थिक वर्षमा राष्ट्रिय प्रशारण लाइन तत्काल पुर्याउन नसकिने तथा हाल सम्म बत्ती बाल्न आधुनिक उर्जाको पहुँच नपुगेका ठाउँ र घरधुरीको यथार्थ विवरणका आधारमा उपयुक्त कार्ययोजना बनाई अगाडि बढाईनेछ ।

८०. सौर्य उर्जा प्रविधि, बायोग्यास, बायोमास जडानका लागि नेपाल सरकारबाट सशर्त अनुदान स्वरुप प्राप्त रकम रु ७ लाख तोकिए बमोजिमको ग्रामिण तथा नविकरणीय उर्जा प्रबर्द्धनमा प्रयोग गरिनेछ ।

शहरी विकास

८१. कुईनेमंगलेको चौरखानी जस्ता जोखिमयुक्त वस्ती पहिचान गरी सुगम यातायातको व्यवस्थासहितको एकिकृत सामूहिक आवासको व्यवस्था राखिएको छ ।

८२. सुकुम्वासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरी सुकुम्वासी तथा विपन्न नागरिक सम्वन्धी जीविकोपार्जन र वसोवासको व्यवस्थापनका लागि *गाँउपालिका अध्यक्ष सुकुम्वासी व्यवस्थापन तथा आवास सुधार कार्यक्रमलाई* कार्यान्वयन गर्न रु १० लाख व्यवस्था गरेको छु।

८३. गाउँपालिकाको केन्द्रमा रहने अस्पतालको विस्तृत परियोजना प्रतिवेदनतयार गरिनेछ ।

भवन

८४. गाउँपालिकाको जग्गा व्यवस्थापनको कार्य यसै वर्षमा सम्पन्न हुने गरी अगाडी बढाइएको छ ।उक्त जग्गामा प्रशासकीय भवन निर्माण गरी आफ्नै भवनबाट प्रशासनिक काम काज र सेवा प्रवाह गर्ने आवश्यक प्रवन्ध मिलाएको छु ।विस्तृत परियोजना प्रतिवेदन समेत रु २० लाख बजेटको व्यवस्था मिलाएको छु ।जसको लागि नेपाल सरकारको रु ६० लाख साझेदारी रहनेछ ।

८५. बहुउदेश्यीय सभाहल निर्माणको कार्य यसै आ.व. मा ठेक्का प्रक्रियामार्फत अगाडी बढाउन खोजिएकोमा कोरोना भाइरसको कारणले सिर्जित वर्तमान परिस्थितिको कारण सम्पूर्ण प्रक्रिया नपुगी कार्य अगाडी नबढेको हुनाले उक्त सभाहल निर्माणको लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।जसमा गण्डकी प्रदेश सरकारको रु ७० लाख साझेदारी रहनेछ ।

८६. झीँ वडा कार्यालयका लागि यस वर्षको विनियोजित बजेटबाट कार्यसम्पन्न गर्न नसकिने भएकोले अधुरो योजनाको रुपमा आगामी वर्षमा सम्पन्न गर्ने गरी रु ३६ लाख बजेट विनियोजन गरेको छु ।

८७. मालिका आधारभुत विद्यालयको लागि एक कोठे भवन निर्माण गर्न रु ८ लाख बजेट विनियोजन गरेको छु ।

## वन, वातावरण, विपद् व्यवस्थापन र भूमि व्यवस्था

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु ६० लाख विनियोजन गरेको छु ।**

८८. जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग सम्वन्धी कार्यक्रमका लागि वजेट विनियोजन गरेको छु ।

८९. गाउँपालिकाको लागि खोज तथा उद्दारका सामाग्रीहरु व्यवस्थापन गर्न र जोखिम नक्सांकन, विपद् पूर्वतयारी रोकथाम तथा व्यवस्थापनका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

९०. गाउँपालिकामा विभिन्न प्राकृतिक प्रकोपहरुको उच्च जोखिम रहेकोले तत्काल खोज उद्दार र राहतका लागि रु ४२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।जस मध्य गाउँपालिका विपद् व्यवस्थापन कोषमा रु २० लाख रवडा विपद् व्यवस्थापन कोषमा रु २२ लाख ५० हजार प्रबन्ध गरेको छु ।

९१. विपद् पीडित विपन्न नागरिकलाई आर्थिक तथा वस्तुगत सहायता वितरण, तत्कालको राहत उद्दारका लागि सहयोग सामाजिक कुसंस्कार र हिंसाको सिकार भएका पीडित व्यक्तिहरुका लागि सहयोग लगायतका कार्यहरु गरी राहत र उद्दारको क्षेत्रमा गाउँपालिकाले सक्रियता देखाउने छ । यसका लागि गाउँपालिका अध्यक्ष सामाजिक संरक्षण, सुरक्षा तथा बचाउ कार्यक्रमलाई निरन्तरता दिदै रु १० लाख विनियोजन गरेको छु ।

९२. सार्वजनिक जग्गा संरक्षण वर्ष अभियान अन्तर्गत गाउँपालिकाभित्र रहेका सम्पूर्ण सार्वजनिक/सरकारी जग्गाहरुको लगत संकलन अभियानलाई निरन्तर अगाडी बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

### शुसासन तथा संस्थागत क्षमता विकास

**शुसान तथा संस्थागत क्षमता विकास तर्फ रू ९५ लाख बजेट विनियोजन गरेको छु ।**

### सूचना प्रविधि र संचार

९३. सूचना, संचार र प्रविधिको विकास मार्फत विद्युतीय शासनको दिशामा अगाडि बढ्न आवश्यक पर्ने बजेटको प्रबन्ध गरेको छु ।गाउँपालिका नै फ्रि वाईफाईयुक्त गराउन नमुनाका रुपमा कार्यान्वयन गर्न दर्मिजा वाईफाई जडान योजनाका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

९४. व्यक्तिगत घटना दर्ता प्रणाली र पञ्जीकरणका कार्यहरुलाई विद्युतीय माध्यमबाट व्यवस्थित गर्न बजेट प्रबन्ध गरेको छु।

९५. सत्य तथ्यमा आधारित भई सूचना तथा समाचार प्रेषण गर्नमा संचार जगतको महत्वपूर्ण भुमिका रहन्छ । यस सन्दर्भमा कर्मठ, अध्ययनशिल र खोज पत्रकारीताको बानी विकास गर्नका लागि पत्रकारिता तालिमको व्यवस्था गरी रु २ लाख बजेट प्रबन्ध गरेको छु ।

९६. झीँ वडा कार्यालय, महेन्द्र माध्यमिक विद्यालय, स्वास्थ्य चौकी तथा प्रहरी चौकीमा इन्टनेट विस्तार गर्ने व्यवस्था मिलाएको छु । जसका लागि रु ७ लाख बजेट व्यवस्था गरेको छु ।

**सुशासन र सार्वजनिक सेवा प्रवाह**

९७. सेवा प्रवाहमा निष्पक्षता तटस्थता पारदर्शिता जवाफदेहिता उत्तरदायित्व मितव्यीता र नवप्रवर्तन सिद्दान्त अवलम्बन गर्दै सरल सहज र समावेशी पहुँच सुनिश्चित गरिनेछ । कर्मचारी तथा शिक्षकहरुको गाउँपालिका भित्र सरुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाइनेछ । न्युनतम कार्य सम्पादनलाई अनिवार्य गरी उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई रु ५ हजार बराबरको गाउँपालिका उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मान गर्ने व्यवस्था मिलाएको छु ।

९८. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरु झल्कने गरि डकुमेन्ट्री निर्माण गर्न तथा जन गुनासो सम्बोधन गर्दै जन अपेक्षा बमोजिक हाम्रो सरकारको काम कारबाही अगाडी बढाउनका लागि सार्वजनिक सुनुवाई सम्पन्न गर्न रु २ लाख बजेट विनियोजन गरेको छु ।

९९. गाउँपालिकाभित्र सम्पन्न हुने सम्पूर्ण योजनाहरुको मितव्ययी रुपमा सम्पन्न गर्नको लागि सम्पूर्ण उपभोक्ता समितिका प्रमुख पदाधिकारीहरुलाई अभिमूखीकरणको व्यवस्था गरेको छु । जसको लागि रु २ लाख बजेट छुट्याएको छु ।

**संस्थागत व्यक्तिगत र मानव संशाधन विकास**

१००. सार्वजनिक पदाधिकारीहरुको जवाफदेहिता सुनिश्चित हुने वातावरण सिर्जना गर्न विषयगत समिति र जनप्रतिनिधीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । स्थानीय सरकारको अधिकार क्षेत्रभित्रको न्यायिक कार्य सम्पादनलाई प्रभावकारी ढंगबाट अगाडि बढाउनका लागि न्यायिक पूनर्ताजगी तालिमको व्यवस्था गरी रु २ लाख व्यवस्था गरेको छु ।

१०१. कर्मचारीहरुमा व्यक्तित्व विकास क्षमता विकास र सामाजिकिकरणका साथै परिवर्तित प्रविधिसँग अद्यावधिक गर्न कर्मचारी तालिमको व्यवस्था गरेको छु । जसको लागि रु ६ लाख विनियोजन गरेको छु ।

१०२. कर्मचारीहरुमा नयाँ ठाउँ विशेषता कार्यशैलीको ज्ञात गराई कायसम्पादनमा सुधार गर्ने उदेश्यले कर्मचारी देश दर्शन कार्यक्रमलाई नितान्त नयाँ कार्यक्रमका रुपमा समावेश गरेको छु । यसका लागि रु ५ लाख विनियोजन गरेको छु ।

कर्मचारी प्रोत्साहन तथा पुरस्कार

१०३. कर्मचारीको उत्पादकत्व वृद्धिका लागि उच्च मनोबलका साथ काम गर्ने वातावरण सिर्जना गर्न गाउँपालिका प्रतिबद्ध छ । प्रमुख प्रशासकीय अधिकृत र निजको निर्देशन बमोजिम गाउँकार्यपालिकाको कार्यालयमा अतिरिक्त समय खटिई काम काज गर्ने कर्मचारीलाई प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाएको छु । यसको लागि रु ७ लाख विनियोजन गरेको छु ।

कार्यालय संचालन तथा प्रशासनिक खर्च

**कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु ६ करोड ४४ लाख २२ हजार बजेट विनियोजन गरेको छु ।**

१०४. हाम्रो सरकारको दुर दृष्टीलाई कार्यान्वयनमा ल्याउने संयन्त्रका रुपमा रहेको कर्मचारीतन्त्रको संचालन व्यवस्थापन र कार्यालय संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०५. पदाधिकारीहरुको सम्भावित सेवा सुविधाको लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।यसको लागि रु १ करोड विनियोजन गरेको छु ।

१०६. कर्मचारी कल्याण कोषको स्थापना गरी वजेटको सुनिश्चितता गर्दै लगिनेछ ।आगामी आर्थिक वर्षका लागि कर्मचारी प्रोत्साहन तथा पुरस्कारका लागि रु ७ लाख र कर्मचारी कल्याण कोषका लागि रु ४ लाख वजेट विनियोजन गरेको छु ।

**सभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरू**

अब म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१०७. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ३९ करोड ७४ लाख ३५ हजार २ सय ४० खर्च हुने अनुमान गरेको छु ।कुल विनियोजन मध्ये चालुतर्फ रु १९ करोड ८३ लाख अर्थात् ६३ प्रतिशत र पुँजीगततर्फ रु ११ करोड ५८ लाख ३१ हजार अर्थात् ३७ प्रतिशत रहेको छ ।

१०८. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक,२०७७ संगै पेश गरेको छु । त्यस विवरणमा पदाधिकारी र कर्मचारी तलव भत्ता, पानी तथा विजुली महसुल, घर भाडा, करार सेवा शुल्क, सवै कार्यक्रम खर्च, औषधी व्यवस्थापन खर्च,राहत उद्दार खर्च, शैक्षिक संस्थालाई अनुदान जस्ता प्रशासनिक प्रकृतिका चालु खर्चको लागि चालु खर्च शीर्षकमा रु ६ करोड १ लाख विनियोजन गरिएको छ जुन कुल बजेटको १९ प्रतिशत हुन आउँछ जुन रकम चालु आवको तुलनामा रु ९० लाख ७१ हजार कम हो । आगामी वर्षको वजेटमा सामाजिक सुरक्षा भत्ता समावेश गरिएको छैन ।

१०९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ७ करोड ९४ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँड रु ७ करोड २६ लाख २४ हजार ४ सय ४० रुपैया, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु १ करोड २१ लाख ५७ हजार, प्रदेश राजश्व बाँडफाँड रु ३५ लाख ६५ हजार आन्तरिक राजस्वबाट प्राप्त हुने रु ५३ लाख ५० हजार र संघीय सशर्त अनुदान अन्तर्गत कृषि तर्फ रु ३८ लाख, शिक्षा तर्फ रु ११ करोड ६३ लाख, पञ्जीकरण तर्फ रू ३७ लाख, पशु तर्फ रू १० लाख, पूर्वाधार तर्फ रू १ करोड ३५ लाख, महिला बालबालिका तर्फ रू ३ लाख, स्वास्थ्य तर्फ रू ४ करोड ८ लाख र आर्थिक क्षेत्र तर्फ रू ९७ लाख गरी जम्मा रू १७ करोड ९१ लाख प्राप्त भएको छ । उक्त स्रोतबाट खर्च व्यहोर्दा रु २ करोड ५२ लाख ८८ हजार ५ सय न्यून हनेछ । सो न्यून पूर्तिको गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च भई बाँकी रहने अनुमानित नगद मौज्दात रु २ करोड ५२ लाख ८८ हजार ५ सय उपयोग गरिनेछ ।

**सभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०७७/७८ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु,

११०. चालु आ ब को करको दरमा कुनै परिवर्तन नगरी आगामी आ व को करको दर निर्धारण गर्ने र अधिकार क्षेत्रभित्रका करको दायरा फराकिलो पार्ने नीति लिएको छु ।

१११. कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

११२. रोडा, ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी विभाज्य कोष खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११३. वातावरणीय प्रभाव परीक्षण प्रतिवेदन तयार गरी सम्भावित वगरक्षेत्रहरुबाट दहत्तर बहत्तर संकलन गरी आन्तरिक आय वृद्धी गर्ने लक्ष्य लिएको छु ।

११४. गाउँपालिका भित्रमा वि.सं.२०७६ साल श्रावण १ देखि लागू भएको सम्पत्ति करलाई थप व्यवस्थित बनाइ संकलन गरिनेछ ।

११५. कर सम्वन्धी प्रस्ताव आर्थिक विधेयक, २०७७ यसै साथ प्रस्तुत गरेको छु । कर सम्वन्धी प्रस्ताव सम्वत २०७७ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएकोछु ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यहरु,**

११६. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताद्वारा शासनको चरितार्थ गरी जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हाम्रो सरकार पूर्ण प्रतिवद्ध छ ।

११७. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरु, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र विद्वत वर्ग, नागरिक समाजका तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।

११८. यो बजेटको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।साथै, मुलुक भित्र र बाहिर रहनु भएका सवै नेपालीलाई समृद्ध रघुगंगा, सुखी रघुगंगावासी निर्माणको हाम्रो सरकारको महान यात्रामा सहभागी हुन आब्हान गर्दछु । धन्यवाद!

जय रघुगंगावासी !

जय रघुगंगा गाउँपालिका !

कमला तिलिजा

उपाध्याक्ष

रघुगंगा गाउँपालिका